आज मिति २०८२/१२/२३ गतेका दिन यस नगरपालिकाका नगर प्रमुख श्री पुष्कर राज जोशी ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसि तपसीलको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु पारित गरियो ।

**उपस्थिति**

| सि.न. | नाम, थर | पद | उपस्थिति |
|---|---|---|---|
| १ | श्री पुष्कर राज जोशी | नगर प्रमुख | |
| २ | श्री कौशिला चन्द | नगर उप-प्रमुख | |
| ३ | श्री विष्णु दत्त भट्ट | वडा नं. १ अध्यक्ष | |
| ४ | श्री सुर्य बहादुर बोहरा | वडा नं. २ अध्यक्ष | |
| ५ | श्री अजब बहादुर पाण्डे | वडा नं. ३ अध्यक्ष | |
| ६ | श्री भान देव भट्ट | वडा नं. ४ अध्यक्ष | |
| ७ | श्री केशव राज लेखक | वडा नं. ५ अध्यक्ष | |
| ८ | श्री महेन्द्र सिंह कार्की | वडा नं. 6 अध्यक्ष | |
| ९ | श्री हरि दत्त बडू | वडा नं. ७ अध्यक्ष | |
| १० | श्री चामु सिंह थापा | वडा नं. ८ अध्यक्ष | |
| ११ | श्री मोहन देव जोशी | वडा नं. ९ अध्यक्ष | |
| १२ | श्री त्रिलोक सिंह बिस्ट | वडा नं. १० अध्यक्ष | |
| १३ | श्री जय दत्त पन्त | वडा नं. ११ अध्यक्ष | |
| १४ | श्री भुरी देवी बिस्ट | कार्यपालिका सदस्य | |
| १५ | श्री बसन्ती जोशी | कार्यपालिका सदस्य | बसन्ती |
| १६ | श्री माया पहरी | कार्यपालिका सदस्य | |
| १७ | श्री कलावती लावड | कार्यपालिका सदस्य | |
| १८ | श्री धाना देबी थलाल | कार्यपालिका सदस्य | धाना |
| १९ | श्री दिनेश बहादुर सिनाल | कार्यपालिका सदस्य | |
| २० | श्री बिनोद राम लोहार | कार्यपालिका सदस्य | |
| २१ | श्री प्रेम दयाल | कार्यपालिका सदस्य | |
| २२ | श्री केशव राज सुबेदी | सचिव | |

CamScanner

**प्रस्तावहरुः**

१. चौथो नगर स्थापना दिवस २०८२ तथा अर्धबार्षिक समिक्षा आयोजना सम्बन्धमा ।

२. १६ औं संस्करणको जिल्ला स्तरीय रास्ट्रपति रनिंग शिल्ड दशरथचन्द नगरपालिकाको आयोजनामा संचालन गर्ने तथा सो को बजेट ब्यबस्थापन सम्बन्धमा ।

३. जगदम्बा मा.बि.रानिबुंगा बिद्यालय भवन मर्मत सम्बन्धमा ।

४. स्वास्थ्य तर्फ विनियोजित मेडिक मोबाईल कार्यक्रम शिर्षक को बजेट शंशोधन सम्बन्धमा ।

५. श्री बिरेन्द्र मा.बि.शाहीलेक बैतडीको विनियमावली, २०८२ स्वीकृत सम्बन्धमा

६. आ.ब.२०८३/८४ का मा प्रदेश समपुरक र बिशेष अनुदानका लागि योजना/कार्यक्रम छनौट एबं स्वीकृत गरी पठाउने सम्बन्धमा ।

७. सहकारीको लागत साझेदारीमा चिस्यान केन्द्र निर्माणको विवरण पठाउने सम्बन्धमा ।

८. रोजगार सेवा केन्द्रबाट संचालन गरिने कार्यक्रम स्वीकृत सम्बन्धमा ।

९. बिबिध बिषय सम्बन्धमा ।

**निर्णय न. १ :**

नगरपालिका स्थापनाको ३० औं बर्ष प्रवेशको अवसरमा मिति २०८२/१२/२४ गते आयोजित चौथो स्थापना दिवस २०८२ बिबिध कार्यक्रम संचालन गरि मनाउने निर्णय गरियो ।

**निर्णय न. २ :**

जिल्ला खेलकुद बिकास समितिले यस नगरपालिकालाई जिल्ला स्तरीय रास्ट्रपति रनिंग शिल्ड प्रतियोगिता संचालन गरि दिन भनि लिखित तथा मौखिक रुपमा अनुरोध गरी निवेदन पेश गरेकाले १६ औं संस्करणको जिल्ला स्तरीय रास्ट्रपति रनिंग शिल्ड प्रतियोगिता जिल्ला खेलकुद बिकास समितिको संयोजन तथा दशरथचन्द नगरपालिकाको आयोजनामा मिति २०८३/०१/०७ गते देखि २०८२/१२/०९ गतेसम्म द.न.पा. ०२ देहीमाण्डौंमा संचालन गर्ने निर्णय गरियो । जसमा तपसिल बमोजिमका शिर्षकहरुबाट निम्नानुसारका क्रियाकलापहरुमा रकम खर्च गर्ने निर्णय गरियो ।

**तपसिल**

१.रास्ट्रपति रनिंग शिल्ड जिल्ला स्तरीय प्रतियोगिता सहभागिता : ६०००००।-

२.जिल्ला स्तरीय रास्ट्रपति रनिंग शिल्ड प्रतियोगिता थप : ४०००००।-

३.पुरुष भलिवल प्रतियोगिता : २०००००।-

**क्रियाकलापहरु :**

१.जिल्ला स्तरीय रास्ट्रपति रनिंग शिल्ड प्रतियोगिताको लागि खेलाडी क्याम्पिंग संचालन - रु.२०००००/-

२.पालिकाको रनिंग शिल्ड सहभागिता खर्च - रु. ५०००००/-

३.जिल्ला खेलकुद बिकास समितिको सहयोग तथा द.न.पा.को आयोजनामा संचालन हुने १६ औं संस्करणको जिल्ला स्तरीय रास्ट्रपति रनिंग शिल्ड प्रतियोगिता संचालन खर्च - रु.५०००००/-

**निर्णय न. ३ :**

यस नगरपालिकाको सातौं नगर सभाबाट शिक्षा क्षेत्र अन्तर्गत बिद्यालय पूर्वाधार मर्मत तथा सहयोग शिर्षकमा विनियोजित रु.८०००००/- रकमबाट द.न.पा. ०८ स्थित श्री जगदम्बा माध्यमिक बिद्यालय रानिबुंगा बिद्यालय भवन मर्मतका लागि प्राबिधिक लागत अनुसार रु. २८६३६७/- बिनियोजन गर्ने निर्णय गरियो ।

CamScanner

**निर्णय न. ४ :**

यस नगरपालिकाको सातौं नगर सभाबाट स्वास्थ्य तर्फ मेडिक मोबाईल कार्यक्रम संचालनका लागि रु. ३०००००/- विनियोजन गरिएको र हाल उक्त शिर्षक अनुसारको कार्यक्रम आवस्यक नदेखिएकोले सो बजेट शिर्षक शंशोधन गरी न.पा. भित्रका स्वास्थ्य संस्थाहरुमा EHMIS लागु गरी प्रबिधिमैत्री बनाउन रेकर्डिङ र रिपोर्टिङ कार्यमा खर्च गर्ने निर्णय गरियो ।

**निर्णय न. ५ :**

द.न.पा. वडा न. ०४ स्थित श्री बिरेन्द्र माध्यमिक बिद्यालय शाहीलेक बैतडीको बिद्यालय संचालन एबं ब्यबस्थापन सम्बन्धि बिनियमावली २०८२ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय न. ६ :**

सुदूरपश्चिम प्रदेश सरकार प्रदेश नीति तथा योजना आयोग धनगढी, कैलालीको स्थानीय तहमा आ.ब. २०८३/८४ का लागि प्रदेश समपुरक तथा प्रदेश बिशेष अनुदान अन्तर्गत संचालन गरिने आयोजना/कार्यक्रमका लागि प्रस्ताव आब्हान सम्बन्धि मिति २०८२/१२/१८ गतेको पत्रसाथ प्राप्त सुचना अनुसार यस नगरपालिका तपसिल अनुसारका आयोजनाहरु छनौट गरी online माध्यमबाट DPR लगायत आवश्यक कागजात सहित प्रस्ताव पेश गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**तपसिल**

**प्रदेश समपुरक अनुदान अन्तर्गत सिफारिस गरिएका योजनाहरु :**

१। देहीमाण्डौं सुर्काल सडक द.न.पा. ०७

२। देउमडा दोगडाकेदार सडक द.न.पा. ०१

**प्रदेश बिशेष अनुदान अन्तर्गत छनौट गरिएका योजना/कार्यक्रमहरु :**

१।आधारभूत खानेपानी तथा सरसफाई सुबिधाबाट बन्चित, दलित, लोपोन्मुख तथा आर्थिक सामाजिक रुपले पिछडिएका क्षेत्र अन्तर्गत :

क)नैन्या लिफ्टिंग खानेपानी द.न.पा.१०

ख)ववेत दलित बस्ति खानेपानी योजना द.न.पा. ०४

ग)कपडखोला दलित बस्ति खानेपानी योजना द.न.पा.०६

घ)पिपलथला दलित बस्ति खानेपानी योजना द.न.पा.०१

**निर्णय न. ७ :**

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८२/१२/१७ गतेको विवरण उपलब्ध गराई दिने बिषयक पत्रानुसार यस नगरपालिकामा चिस्यान केन्द्रको आवस्यकता भए पनि बजेट अभावले गर्दा ५० प्रतिशत लागत साझेदारी गर्न नसकिने भएकोले यस नगरपालिकामा सक्रिय रुपमा संचालनमा रहेका सहकारिहरुबाट चिस्यान केन्द्र निर्माणका लागि ५० प्रतिशत लागत साझेदारी हुन सक्ने प्रतिबद्दता आएकोले सहकारीको लागत साझेदारीबाट संचालन हुने चिस्यान केन्द्रको विवरण पठाउने निर्णय गरियो ।

**निर्णय न. ८ :**

यस आर्थिक बर्ष २०८२/०८३ मा यस दशरथचन्द नगरपालिकामा राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम सञ्चालनको लागि संघ सरकार तथा स्थानीय सरकारबाट विनियोजित वजेटबाट तपसिल अनुसारका कार्यक्रम सञ्चालन गर्ने निर्णय पारित गरियो ।

तपसिलः

| सि.नं | कार्यक्रम तथा कार्यघण्टा | स्थान | सहभागि संख्या |
|---|---|---|---|
| १ | प्लम्विङ (३९०) कार्यघण्टा | द.न.पा ४ गोठलापानी, द.न.पा २ देहिमाण्डौ | ३३ जना |

**निर्णय न. ९ :**

यस आर्थिक बर्ष २०८२/०८३ मा यस दशरथचन्द नगरपालिका रोजगार सेवा केन्द्रबाट सञ्चालन हुने राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गतका सीप विकास तालिममा आवश्यक प्रशिक्षार्थी प्रत्येक वडाबाट ३/३ जना वडाको सूचिकृत वेरोजगार व्याक्तिको सूचीबाट वडा कार्यालयको सिफारिसका आधारमा छनौट गर्ने र प्रशिक्षक छनौटका लागि कार्यालयबाट ७ दिनको सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय पारित गरियो ।

**निर्णय न. १० :**

हाल द.न.पा. ०४ साबिक खलङ्गा ६ स्थित मानमती चन्दका नाममा रहेको कित्ता न. १७५३ को क्षेत्रफल ०-०-१-० र कित्ता न. १२८२ को क्षेत्रफल ०-३-०-० को जग्गा व्यक्तिको माग निबेदन, वडा कार्यालयको सिफारिस, मुचुल्का समेतका आधारमा उक्त जग्गा बाटोमा भोग चलन भएको हुँदा पुरै कित्ता जग्गा नेपाल सरकार सार्वजनिक बाटो कायम गर्न मालपोत कार्यालय बैतडीलाई सिफारिस गर्ने निर्णय गरियो ।

CamScanner